लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, कपिलवस्तु

फोन नं. ०७६५६००६३
Email: akckapilvastu@gmail.com
Website: www.akckapilvastu.lumbini.gov.np
स्थान: तौलिहवा

सूचना नं : ००२/आ.व. २०८२-८३

## कार्यक्रम संचालनका लागि आवेदन दिने म्याद थप सम्बन्धी सूचना।

(दोस्रो पटक प्रकाशित मिति: २०८२/०८/०१)

कृषि ज्ञान केन्द्र, कपिलवस्तुको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मिति २०८२/०७/०२ को प्रथम पटक प्रकाशित सूचना बमोजिम तपशिलमा उल्लिखित कार्यक्रममा सहभागिताका लागि प्रयास आवेदन नआएकोले उल्लिखित कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले कार्यालय समयभित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न मिति २०८२/०८/१५ गतेसम्म (१५ दिन) म्याद थप गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि यस कार्यालय वा कार्यालयको वेबसाईट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। थप जानजकारीका लागि कार्यालयको फोन नम्बर ०७६-५६००६३ मा सम्पर्क गर्न सकिने छ।

तपसिल

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम संचालन क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | सिंचित क्षेत्र लक्षित बाली सघनता बृद्धि कार्यक्रम (बसन्ते मकै) | संचालन गर्न सकिने कृयाकलापहरु:<br>बीउ बिजन, बेर्ना, नर्सरी, शुक्ष्मतत्व तथा अन्य उत्पादन सामाग्रीहरुमा सहयोग।<br>बाली कटानी, कृषि प्रविधि प्रदर्शन।<br>साना यन्त्र उपकरणहरु।<br>अभिमुखीकरण/क्षमता विकासका कार्यहरु। | कार्यालयले बाह्रै महिना सिंचाई सुविधा उपलब्ध भएक स्थानमा फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समितिसँगको समन्वयमा तोकिएको बालीमा उपयुक्त बाली चक्र मार्फत कार्यक्रम संचालन गर्नु पर्ने।<br>छनौट भएको क्षेत्रमा कम्तिमा २.५ हे. क्षेत्रफल ओगट्ने गरी कार्यक्रम संचालन गर्नु पर्ने ।<br>कार्यक्रम संचालनबाट हालको बाली सघनता बृद्धि गर्न हिउदे वा बसन्ते बाली (चैते धान, हिउँदे/बसन्ते मकै, तरकारी, मसुरो, मुङ, चना, सुर्यमूखी) लाई प्रथमिकता दिई भूगोल र हावापानी अनुसार उपयुक्त बालीहरु छनौट गरी कार्यक्रम संचालन गर्नुपर्ने। | जिल्लाभरी | फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समिति | कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति हेक्टर. रु .२० हजारसम्म खर्च गर्न सक्ने।<br>अभिमूखीकरण/क्षमता बिकासका कार्यका लागि बिनियोजित बजेटको अधिकतम् ५ प्रतिशतसम्म खर्च गर्न सकिने। |

२०८२/०८/०१

घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दशौं)

Scanned with CamScanner
CamScanner

| क.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम संचालन क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| २ | महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्रउपकरण तथा सामाग्री सहयोग | प्रशोधन तथा बजारीकरणसँग सम्वन्धित यन्त्र उपकरण तथा समामग्री खरिद। | फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी सहभागी हुन सक्ने। मौरी सहितको कम्तिमा २० घार मौरी पालन गरेको हुनुपर्ने। | जिल्लाभरी | फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी | प्रति अनुदान ग्राही कुल लागतको ५० प्रतिशत वा अधिकतम रु. ३० हजारसम्म अनुदान सहयोग गर्न सकिने। |

*नोटः लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषदको) मिति २०८२/०६/२५ को निर्णय अनुसार ८० प्रतिशतलाई अन्तिम बजेट मानी कार्यक्रम कार्यान्वयन गरिनेछ।*

संलग्न गर्नुपर्ने कागजातहरुः

१. प्रस्तावको निवेदन (अनुसूचि २३ बमोजिम)
२. दर्ता/नवीकरणभएको प्रमाण पत्रको प्रतिलिपि (कृषि समुह/निजि फर्म/कम्पनी/कृषि सहकारी)।
३. स्थायी लेखा नम्वर प्रमाण पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपी (छनौट भएमा सम्झौतापूर्व पेश गर्नु पर्ने छ)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृती अनुसार अनुसूची २४ बमोजिम)।
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माँग गर्न गरिएको निर्णयको प्रतिलिपी (समुह /सहकारीको हकमा)।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।
११. रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

८२/०७/९

.....................

घनश्याम चौधरी
प्रमुख

घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दशौं)

CamScanner